मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २५५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ असोज १३ गते मंगलबार ❑ 29 Sept. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## बाढीपहिरोबाट म्याग्दीमा २०० परिवार विस्थापित

**पोखरापत्र संवाददाता**
म्याग्दी, १२ असोज

यही असोज ८ देखि ११ गतेसम्म परेको वर्षात् र बाढीपहिरोका कारण म्याग्दीका २०० परिवार विस्थापित भएका छन् ।

सदरमुकाम बेनीबाट ग्रामीण क्षेत्र जोड्ने सडक अवरुद्ध बनेका, स्थानीय तहसँग सञ्चार, यातायात र विद्युत् सम्पर्क विच्छेद भएकाले विवरण सङ्कलन कार्यमा ढिलाइ भएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ । म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बाढीपहिराले आजसम्म २०० परिवार विस्थापित भएका जानकारी दिँदै विवरण सङ्कलनका लागि सुरक्षा निकाय र स्थानीय तहलाई परिचालन गरेको बताउनुभयो । "पहिलो चरणमा पहिरोमा मृत्यु भएका र बेपत्ताको खोजी, फसेकाको उद्धारमा केन्द्रित भएका छौँ", उहाँले भन्नुभयो, "सञ्चार पहुँच नभएका ठाउँमा क्षतिको विवरण सङ्कलनका लागि सबै स्थानीय तहमा जनशक्ति परिचालन गरेका छौँ ।" सडक यातायातको सम्पर्क टुटेकाले प्रभावित क्षेत्रमा उद्धार र राहतका लागि नेपाली सेनाको हेलिकप्टर परिचालन भएको छ । पहिरोबाट छ जनाको मृत्यु र तीन जना बेपत्ता रहेका जानकारी दिनुभयो । पहिरोबाट विस्थापित र जोखिममा रहेका घरपरिवारलाई सुरक्षित ठाउँमा आश्रयस्थल बनाएर राखिएको प्रजिअ गैरेले जानकारी दिनुभयो ।

सबैभन्दा बढी पहिरोबाट प्रभावित भएको अन्नपूर्ण गाउँपालिका-५ पाउद्धारका ७८ जनालाई घार र शिखमा अस्थायी शिविर बनाएर राखिएको उहाँले बताउनुभयो । उहाँका अनुसार पहिरोमा बेपत्ता भएकी बेनी नगरपालिका-३ छेपारेकी कुमारी वली विक, अन्नपूर्ण गाउँपालिका-८ काफलडाडाँका मनोज गर्बुजा र अन्नपूर्ण-५ का ७५ वर्षीय ओमबहादुर तिलिजाको खोजी जारी छ । अन्नपूर्ण-३ की शिलकुमारी पाइजा, योगमाया पाइजा, अन्नपूर्ण-८ का सविन गर्बुजा, मालिका गाउँपालिका-३ का चिरन पुन, देवबहादुर पुन र अन्नपूर्ण-५ की जेनी पुर्जाको शव भेटिएको जनाउँदै प्रजिअ गैरेले पहिरोका कारण अवरुद्ध बनेको बेनी-बागलुङ सडक आंशिक रूपमा सञ्चालनमा आएको बताउनुभयो ।

सडक डिभिजन कार्यालय बागलुङले हलुका सवारीसाधन सञ्चालन गर्ने गरी बागलुङ-बेनी सडकको भसभसे, खबरा क्षेत्रमा मर्मत गरेको जिल्ला समन्वय समितिका कार्यवाहक प्रमुख डिलकुमारी खत्रीले बताउनुभयो । गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालयमार्फत बेनी-दरवाङ सडकको बेनी-तातोपानी खण्डमा एकतर्फी यातायात सञ्चालन गर्न मिल्ने गरी मर्मत गरेको छ । दरवाङतर्फबाट पनि सडक मर्मत थालिएको जानकारी दिँदै गण्डकी प्रदेशसभा सदस्य रेशमबहादुर जुग्जालीले मङ्गलबारदेखि फापरखेतको पहिरोमा पनि सडक मर्मतको काम सुरु गरिने बताउनुभयो ।

म्याग्दीको रघुगङ्गा, अन्नपूर्ण गाउँपालिका हुँदै मुस्ताङको कोरलानाका जोड्ने बेनी-जोमसोम-कोरला सडकको मुस्ताङ र बेनीतर्फबाट मर्मत थालिएको छ । बेनीदेखि गलेश्वरसम्म मङ्गलबार सडक खुलेको छ । बेनी र आसपासका क्षेत्रमा मात्र सञ्चालन भएको सञ्चार र विद्युत् सेवालाई सबैतिर निरन्तरता दिन नेपाल टेलिकम र विद्युत् प्राधिकरणमार्फत मर्मतको काम भइरहेको प्रजिअ गैरेले बताउनुभयो । बेनी बजारमा वैकल्पिक मुहानबाट खानेपानी आपूर्ति गराउन सशस्त्र प्रहरी बल परिचालन गरिएको छ ।

## पछिल्लो २४ घण्टामा दुई सय ७२ विपद्का घटना, २१ जनाको मृत्यु

**रासस**
काठमाडौं, १२ असोज

पछिल्लो २४ घण्टामा देशभर दुई सय ७२ वटा विपद्का घटना हुँदा २१ जनाको मृत्यु भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका प्रवक्ता शान्ति महतले यही असोज ११ गते बिहान १० बजेदेखि असोज १२ गते बिहान १० बजेसम्मको अवधिमा भएका विपद्का घटनामा चार जना बेपत्ता र २६ जना घाइते भएको जानकारी दिनुभयो । प्राधिकरणका अनुसार सो अवधिमा सबैभन्दा बढी पहिरोका ९७ घटना भएका छन् । पहिरोमा परी २१ जनाको मृत्यु, चार जना बेपत्ता र चार जना घाइते भएका छन् ।

त्यसैगरी अविरल वर्षाका ८०, बाढीका ५७, सर्पदंशका १७, आगलागीका आठ, हावाहुरीका आठ, जनावर आक्रमणका चार र हिमपातको एउटा घटना भएको छ । बाढीका घटनामा मानवीय क्षति नभए पनि ४१५ जनाको उद्धार गरिएको प्राधिकरणको विवरणमा उल्लेख छ । अविरल वर्षाका घटनामा पनि सात सय जनाको उद्धार गरिएको छ । विपद्का कारण ४८ सडकखण्ड अवरुद्ध भएका छन् भने १२१ चौपायाको क्षति भएको छ ।

घटनाबाट भएको अनुमानित आर्थिक क्षति रु एक करोड ९१ लाख ६६ हजार रहेको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार पछिल्लो २४ घण्टामा भएको विपद्मध्ये पहिरो, बाढी र अविरल वर्षाका घटना प्रमुख रहेका छन् । यस अवधिमा सुरक्षाकर्मी तथा सम्बन्धित निकायबाट उद्धार तथा खोजी कार्य जारी रहेको प्राधिकरणले जनाएको छ ।

## कोरलाका ४६ स्थानमा पहिरो, सडक पूर्ण रूपमा सञ्चालन हुन एक साता लाग्ने

**रासस**
मुस्ताङ, १२ असोज

उत्तर-दक्षिण जोड्ने राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला खण्डका ४६ स्थानमा भारी वर्षाका कारण आएको बाढीपहिरो र नदी कटानले क्षति पुऱ्याएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष एवं प्रमुख जिल्ला अधिकारी अजिता शर्माको अध्यक्षतामा आज जिल्ला प्रशासन कार्यालयमा बसेको विपद् व्यवस्थापन समितिको बैठकमा कोरला सडकका आयोजना प्रमुख तेजस्वी शर्माले सडक पूर्ण रूपमा सञ्चालन हुन एक साताभन्दा बढी समय लाग्ने बताउनुभयो । जिल्लास्थित विभिन्न सरोकार भएका निकायका प्रतिनिधिको उपस्थितिमा बसेको बैठकमा असोज ८ देखि ११ गतेसम्म भारी वर्षा र हिमपातले पुऱ्याएको क्षति तथ्याङ्क प्रस्तुत गर्दै कोरला सडकका आयोजना प्रमुख शर्माले पर्वत-मालढुङ्गा खण्डमा पाँच, बेनीबाट म्याग्दीको अन्नपूर्ण गाउँपालिका-३ रुप्सेसम्म १६, म्याग्दी र मुस्ताङको सिमाना काभ्रेभिरबाट जोमसोम हुँदै कोरलानाकासम्मको विभिन्न २५ ठाउँमा लेदो र ग्रेगानसहितको बाढीपहिरो र नदी कटानले क्षति पुऱ्याएको जानकारी दिनुभयो ।

आयोजना प्रमुख शर्माका अनुसार भारी वर्षाका कारण आएको बाढीपहिराले कोरलानाका सडकको पर्वत-मालढुङ्गा सडकखण्डको लाटीखोला, फर्से, जुकेखोला, केराबारी र लामाखेत सडकमा क्षति पुगेको छ । म्याग्दीको बेनीबाट अन्नपूर्ण गाउँपालिका-३ रुप्सेसम्मको सडकखण्डअन्तर्गत गलेश्वर, रघुगङ्गा पुल, बैसरी एक, बैसरी दुई, बैसरी तीन, बेगखोला, महभिर, भिरकाटे, पोखरेबगर, तातोपानी, नारच्याङ, जलथले, सुकेबगर, खामभित्ता, दाना, लाटो खोला, रुप्से खोलालगायत सडकमा लेदोसहितको बाढीपहिरो र नदी कटानले सडक संरचनामा ठूलो क्षति पुगेको उहाँले बैठकमा जानकारी दिनुभयो ।

त्यसैगरी म्याग्दी र मुस्ताङको सिमाना काभ्रेभिरबाट कोरलानाकासम्मका सडक पनि आंशिक तथा मध्यम क्षति पुगेको

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बाढीपहिरो प्रभावितको उद्धार र राहतमा सेना सक्रिय

**पोखरापत्र संवाददाता**
गण्डकी, १२ असोज



पर्वतस्थित कालीगण्डकी नदीमा आइतबार गएको बाढीबाट प्रभावितको उद्धार तथा राहतमा नेपाली सेना सक्रिय बनेको छ ।

अन्य सुरक्षा निकायसँगको सहकार्य र समन्वयमा बाढी प्रभावितको उद्धारदेखि अस्थायी आश्रयस्थल निर्माणसम्मको कार्य गरिएको पर्वतस्थित नयाँ रणभिम गुल्मले जनाएको छ ।

पर्वतको जलजला गाउँपालिका-८ फर्से बजारबाट विस्थापित बनेका ६६ घरपरिवारलाई तत्काल सुरक्षित स्थानमा राख्न खुला ठाउँमा अस्थायी आश्रयस्थल बनाइएको गुल्मपति अमूल्य केसीले बताउनुभयो । फर्से बजारदेखि केहीमाथि त्रिपाल प्रयोग गरेर आश्रयस्थल निर्माण गरिएको उहाँको भनाइ छ ।

"बाढीबाट विस्थापित परिवारका लागि अस्थायी रूपमा आश्रयस्थलको व्यवस्था गरिएको छ", गुल्मपति केसीले भन्नुभयो, "केही परिवार आफन्तकोमा बस्नुभएको छ, कोही सामुदायिक भवनमा हुनुहुन्छ, अस्थायी बासका लागि कुनै समस्या छैन ।" जिल्ला विपद् व्यवस्थापन समितिमार्फत प्राप्त भएका ७५ त्रिपालबाट आश्रयस्थल बनाइएको हो । उद्धार तथा राहतमा नेपाली सेना, सशस्त्र प्रहरी बल, जनपद प्रहरी, जनप्रतिनिधिसहित स्थानीयवासी सक्रिय बनेका थिए । कालीगण्डकीको कटानले पुरानो फर्से बजारका ६६ घर बगाएको गाउँपालिका अध्यक्ष राजु आचार्यले बताउनुभयो । यस्तै, २६ घर उच्च जोखिममा रहेको उहाँको भनाइ छ । बाढी प्रभावितका लागि तत्काल राहत सामग्री उपलब्ध गराउन गाउँपालिकामार्फत पहल भइरहेको अध्यक्ष आचार्यले बताउनुभयो । जिल्लाका कालीगण्डकी, मोदीलगायत नदी-खोलामा जलसतह उच्च भएसँगै बाढी, नदी कटान तथा पहिरोको जोखिम बढेपछि नयाँ रणभिम गुल्मबाट परिचालित टोली उद्धार तथा विपद् प्रतिकार्यमा जुटेको थियो ।

गुल्मको टोलीले नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, स्थानीय तह तथा स्थानीय बासिन्दासँग समन्वय गरी जोखिममा रहेका परिवारलाई सामुदायिक भवन तथा सुरक्षित स्थानमा स्थानान्तरण गर्नुका साथै विपद् प्रभावितका लागि अस्थायी आश्रयस्थल निर्माण, राहत सामग्री वितरणलगायतका कार्य गरेको हो । फर्से क्षेत्रमा पहिरोका कारण अवरुद्ध मध्यपहाडी लोकमार्गलाई एकतर्फी रूपमा सञ्चालनमा ल्याउनसमेत सुरक्षाकर्मीको टोली परिचालन गरिएको थियो ।

## जापानिज भाषा प्रशिक्षक आवश्यकता

**जापानिज भाषा प्रशिक्षक १ जना** आवश्यक भएकोले इच्छुक व्यक्तिवाट वायोडाटा समेतको निवेदन ९८४६४३४३०८ WhatsApp नम्बरमा असोज महिना २० गतेभित्र पठाउन आव्हान गरिन्छ । तलव र अन्य कुरा आपसी छलफलवाट तय गरिनेछ । विस्तृत जानकारीको लागि तपसिलको नम्बरमा सम्पर्क राख्नुहुनेछ ।

प्रिन्सीपल
फुजि जापानिज भाषा केन्द्र
चिप्लेढुंगा, पोखरा
(ट्रेडमल नजिकको रत्न इम्पोरियमको अपोजिट साइड)
सम्पर्क नम्वर: ९८४६४३४३०८

## मौसम खुलेसँगै पोखरा-जोमसोम हवाई सेवा नियमित

**रासस**
मुस्ताङ, १२ असोज


भारी वर्षाले अवरुद्ध (पोखरा-जोमसोम) हवाई सेवा सोमबारदेखि सञ्चालन भएको छ ।

भारी वर्षा र प्रतिकूल मौसमका कारण शुक्रबारदेखि अवरुद्ध रहेको (पोखरा-जोमसोम) हवाई सेवा तीन दिनपछि सञ्चालनमा आएको हो ।

जोमसोम नागरिक उड्डयन कार्यालय अनुसार वर्षा रोकिएर मौसममा सुधार आएसँगै निजी वायु सेवा कम्पनी समिट एयरको टवीनअटर जहाजले (पोखरा-जोमसोम) पाँचवटा उडान भरेको छ । कार्यालय प्रमुख विश्वराज शर्माका अनुसार प्रतिकूल मौसमका कारण अवरुद्ध बनेको पोखरा-जोमसोम हवाई सेवा आजदेखि सञ्चालन भएको जानकारी दिनुभयो ।

हवाई सेवा सञ्चालन भएसगै स्वदेशी तथा भारतीय र अन्य मुलुकका हवाई यात्रीहरू मुस्ताङको जोमसोम अवतरण

बाँकी अन्तिम पृष्ठमा ▶▶



# प्राकृतिक विपत्तिबीच पोखराले दियो पर्यटन क्षेत्र खुला रहेको सन्देश

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज

भोटेकोशी बाढी, लगातारको वर्षा र सडक अवरोधका कारण पोखरामा पर्यटक आगमन अहिले ठप्पप्रायः छ।

मुलुकको पर्यटकीय राजधानीमा स्वदेशी तथा विदेशी पर्यटक नहुँदा सुनसान बनेको पोखराले विश्व पर्यटन दिवसका अवसरमा भने 'नेपाल खुला छ, पोखरा पर्यटकको स्वागतका लागि तयार छ' भन्ने सन्देश दिएको छ। प्राकृतिक विपत्तिले पर्यटन क्षेत्र प्रभावित भइरहेका बेला पोखराको लेकसाइडमा आइतबार साँझ आयोजित मिनी सडक महोत्सवमार्फत पर्यटन व्यवसायीले प्रतिकूल परिस्थितिकाबीच यहाँका पर्यटकीय गतिविधि सञ्चालनमा रहेको र पर्यटकको स्वागतका लागि व्यवसायीसमेत तयार रहेको सन्देश प्रवाह गरेका हुन्।




रेष्टुरेन्ट एन्ड बार एसोसिएसन (रेवान) पोखराले आयोजना गरेको महोत्सवमा पर्यटन क्षेत्र खुला रहेको सन्देश प्रवाह गराइएको थियो। भोटेकोशी बाढी तथा देशका विभिन्न स्थानका विपत्तिसँगै पोखरा जोड्ने मुख्य सडकमार्ग पृथ्वी राजमार्ग प्रभावित हुँदा पर्यटक आगमन उल्लेख्य रूपमा घटेको छ।सामान्य अवस्थामा स्वदेशी तथा विदेशी पर्यटकले भरिभराउ हुने लेकसाइडमा अहिले पर्यटकको उपस्थिति न्यून छ। यस्तो अवस्थामा पर्यटन दिवसको अवसर पारेर आयोजना गरिएको महोत्सवले लेकसाइडमा केही चहलपहल बढाउनुका साथै पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउने प्रयास गरेको छ। महोत्सवमा विभिन्न सांस्कृतिक, मनोरञ्जनात्मक तथा पर्यटन प्रवर्द्धनात्मक कार्यक्रम प्रस्तुत गरिएको थियो।

पोखराको मौलिक संस्कृति, स्थानीय कला, खानाका परिकार तथा आतिथ्यलाई महोत्सवमा प्राथमिकता दिइएको थियो। रेवान पोखराका अध्यक्ष वसन्त गौतमले पर्यटन क्षेत्रले विषम परिस्थितिको सामना गरिरहेका बेला पोखरा सुरक्षित रहेको र पर्यटकको स्वागतका लागि तयार रहेको सन्देश दिन महोत्सव आयोजना गरिएको बताउनुभयो। "भोटेकोशी बाढी र लामो समय मुख्य राजमार्ग अवरुद्ध हुँदा पोखराको पर्यटन क्षेत्र नराम्रोसँग प्रभावित बनेको छ। बुकिङ रद्द भएका छन्। यस्तो अवस्थामा महोत्सवमार्फत स्थानीय कला, संस्कृति, खानाका परिकार तथा आतिथ्यलाई पर्यटकसमक्ष प्रस्तुत गरेर यहाँका पर्यटकीय गन्तव्य खुला तथा सुरक्षित रहेको सन्देश दिन महोत्सव सफल भएको छ", अध्यक्ष गौतमले भन्नुभयो। पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखराको पर्यटनलाई लेकसाइडमा मात्र सीमित राख्न नहुने बताउनुभयो। पोखरा आउने पर्यटकको आवश्यकता र रुचिअनुसार सेवा तथा पर्यटकिय क्षेत्रको विस्तार गर्नुपर्नेमा उहाँले जोड दिनुभयो। "पोखरामा आउने पर्यटकको आवश्यकता र रुचिअनुसार सेवा तथा पर्यटन उत्पादन विकास गर्नुपर्छ। यहाँको पर्यटकीय गतिविधिलाई विस्तार गर्दै नयाँ गन्तव्य र अनुभवसँग जोड्नुपर्ने आवश्यकता छ", प्रमुख आचार्यले भन्नुभयो। उहाँले पर्यटकलाई व्यवसायीले आफूले दिन चाहेको सेवामात्र नभई उनीहरूको इच्छा र आवश्यकताअनुसार सेवा उपलब्ध गराउनुपर्ने बताउनुभयो। पर्यटकिय राजधानी पोखरालाई सङ्घीय राजधानी काठमाडौँसँग जोड्ने पृथ्वी राजमार्ग दुई साताभन्दा बढी समय प्रभावित बनेको तथा अन्य सडक मार्गमा समेत अवरोध र जोखिम बढेपछि पर्यटक आगमन प्रभावित भएको पर्यटन व्यवसायीले बताएका छन्। पोखरा पर्यटन परिषद्का अध्यक्ष हरि भुजेलले सुस्ताएको पोखराको पर्यटन गतिविधिलाई चलायमान बनाउन यस्ता कार्यक्रमले सहयोग पुग्ने बताउनुभयो। पोखराबाट हालै फ्लाइ दुबईले पोखरा-दुबई रुटमा उडान सुरु गरेपछि पोखराको पर्यटन गतिविधिमा सकारात्मक प्रभाव पर्ने उहाँले विश्वास व्यक्त गर्नुभयो। "फ्लाइ दुबइको उडानसँगै पोखरा तथा गण्डकी प्रदेशको अन्तरराष्ट्रिय हवाई सम्पर्क विस्तार, पर्यटन प्रवर्द्धन तथा यात्रु आवागमनमा थप सहजीकरण भएको छ। यो उडानलाई दिगो र दीर्घकालीन बनाउन सकेको खण्डमा पोखराको पर्यटनले मात्र होइन सबै क्षेत्रमा समृद्धिको ढोका खुल्नेछ", अध्यक्ष भुजेलले भन्नुभयो।

लगातारको वर्षाका कारण प्रभावित पोखराको मौसम आइतबार बिहानदेखि सुधार हुँदै गएपछि महोत्सवका क्रममा लेकसाइडमा चहलपहलसमेत बढेको थियो। महोत्सवमा सांस्कृतिक प्रस्तुति, मनोरञ्जनात्मक कार्यक्रम तथा स्थानीय परिकार प्रस्तुत गरिएको थियो। भोटेकोशी बाढी र मनसुनको प्रभाव कम हुँदै गएकाले पर्यटक आगमन बढ्ने विश्वास यहाँका व्यवसायीको छ। विश्व पर्यटन दिवसका अवसरमा यहाँका पर्यटनसँग सम्बन्धित विभिन्न सङ्घसंस्थाले स्थल तथा हवाईमार्गबाट पोखरा आउने विदेशी पर्यटकलाई स्वागत गरेका थिए।

# हिमलुङ हिमपहिरोमा परी गोरखाका दुई जना बेपत्ता

पोखरापत्र संवाददाता
गोरखा, १२ असोज

मनाङको नार्पाभूमिस्थित हिमलुङ हिमपहिरोमा परेर गोरखाका दुई जना बेपत्ता भएका छन्।

हिमलुङ आधार शिविरमा क्याम्प निर्माण गर्ने क्रममा हिमपहिरो आएपछि जिल्लाको धार्चे गाउँपालिका-२ केरौँजाका दुई जना बेपत्ता भएका जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक राजुकुमार क्षेष्ठले जानकारी दिनुभयो।

धार्चे गाउँपालिकाका अध्यक्ष लक्ष्मण गुरुङले पर्वतारोहीको सहयोगीका रूपमा हिमलुङ आधार शिविर पुगेका धार्चे-२ केरौँजाका वीरेन्द्र गुरुङ र आशबहादुर गुरुङ शनिबारदेखि सम्पर्कविहीन रहेका जानकारी दिनुभयो। आइतबार बिहान हिमलुङ आधार शिविरको हिमपहिरोमा बेपत्ता भएका दुवै जनाको खोजी कार्यलाई तीव्रता दिन परिवार तथा आफन्तहरूले आग्रह गरेका छन्।

करिब ३२ वर्षका वीरेन्द्र हिमालयन होलिडेज कम्पनीका बेसक्याप सहयोगीका रूपमा र ४५ वर्षका आशबहादुर इम्याजिन नेपाल एक्पिडिसन प्रालिबाट गाइड तथा कुकम्यानको कामका लागि त्यसतर्फ गएका थिए। "आशबहादुर र वीरेन्द्रको घरमा अहिले रुवावासी छ", पीडित परिवारका अर्जुन गुरुङले भन्नुभयो, "वीरेन्द्रको बुवा, श्रीमती, एउटा तीन चार वर्षको र अर्को पाँच छ वर्षको छोरा छन्। आशबहादुरको श्रीमती र छोराछोरी काठमाडौँमा छन्। घरमा बुढी आमा हुनुहुन्छ।"

दुवै जनासँगै हिमलुङ आधार शिविरको हिमपहिरोमा १६ जना बेपत्ता भएका प्रहरी नायब उपरीक्षक क्षेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार बेपत्तामध्ये दुई जनाको शव फेला परेर सनाखत भइसकेको छ। तर उनीहरूको अहिलेसम्म अत्तोपत्तो छैन। समुद्री सतहबाट चार हजार ८७५ मिटर अग्लो आधार शिविरमा हराएकाहरुको खोजी कार्यका लागि नेपाल राष्ट्रिय पथप्रदर्शक संघ र पर्वतारोहण सञ्चालक सङ्घबाट १४ जनाको उद्धार टोली खटिएका छन्। घटनाका बेला भागेर ज्यान बचाएका १४ जनाको टोली फू बाट आधार शिविरतर्फ गएका पर्वतारोहण पथप्रदर्शक सङ्घका अध्यक्ष तुल्सिङ गुरुङले जानकारी दिनुभयो। "अहिले मौसम खुलेर खोजतलास गर्न सजिलो भएको छ", उहाँले भन्नुभयो, "हिउँ धेरै बाक्लो रहेकाले खोजी कार्य गर्न धेरै समय लाग्छ सक्छ।"

# मुस्ताङमा ३६ घण्टादेखि विद्युत् र इन्टरनेट सेवा अवरुद्ध

पोखरापत्र संवाददाता
मुस्ताङ, १२ असोज

मुस्ताङमा विद्युत् र इन्टरनेट सेवा पूर्ण रूपमा अवरुद्ध भएको छ। निरन्तरको वर्षाका कारण आएको बाढीपहिरोले विद्युत् र इन्टरनेट संरचनामा क्षति पुर्याएपछि शनिबार रातिदेखि यहाँ विद्युत् र इन्टरनेट सेवा अवरुद्ध भएको हो।

वर्षाका कारण बाढीपहिरो र नदी कटानले पर्वतको डिमुखाबाट आउने ३३ केभिए विद्युत् प्रसारण लाइनको खम्बामा क्षति पुगेकाले उक्त प्रसारण लाइनसँग सम्पर्क टुटेको जोमसोमस्थित विद्युत् वितरक संस्था निलगिरि उपभोक्ता सहकारी संस्थाका प्रमुख सनप्रसाद थकालीले जानकारी दिनुभयो। बाढीपहिरोले पर्वत र म्याग्दी खण्डमा विद्युत् संरचनामा क्षति पुगेकाले म्याग्दी दाना सवस्टेशनसमेत चार्ज हुन नसक्दा बन्द भएको उहाँको भनाइ छ। बाढीले विद्युत् र इन्टरनेट सेवा पूर्ण रूपमा क्षति भएसँगै म्याग्दीको उत्तरखण्डको अवस्थाको जानकारी लिन थप समस्या भइरहेको कार्यालय प्रमुख थकालीले बताउनुभयो। यसैबीच बाढीले विद्युत् र इन्टरनेट सेवामा क्षति पुर्याए पनि आइतबार साँझ म्याग्दीको बेनीसम्म विद्युत् प्रसारण लाइन मर्मत गरी सञ्चालनमा आइसकेको छ। ३३ केभिए प्रसारण लाइन र दाना सवस्टेशनको अवस्थाबारे थप अध्ययन गर्न जोमसोमबाट एक टोली त्यसतर्फ प्रस्थान गरिसकेका प्रमुख थकालीले उल्लेख गर्नुभयो। सैगरी वर्षाका कारण मुस्ताङको थासाङ गाउँपालिका-३ स्थित केही स्थानमा रुख ढलेर विद्युत्का खम्बामा क्षति पुगेको भन्दै अहिले मौसम खुलेकाले उक्त स्थानमा विद्युत् प्रसारण लाइनको मर्मत गर्न प्राविधिक टोली त्यसतर्फ प्रस्थान गरिसकेको प्रमुख थकालीले बताउनुभयो। बाढीपहिरोका कारण अवरुद्ध सेवा सञ्चालन गर्न निरन्तर पहल भइरहेको जनाउँदै आज साँझसम्म सेवा नियमित हुने गरी प्राविधिक टोली कार्यस्थलमा खटिएका उहाँले बताउनुभयो।

वर्षासँगैको बाढीपहिरो र नदी कटान गरेकाले विद्युत्सँगै फाइबर इन्टरनेट प्रसारण लाइनमा क्षति पुगेकाले पछिल्लो ३६ घण्टादेखि मुस्ताङमा इन्टरनेट सेवा पूर्ण रूपमा अवरुद्ध भएको नेपाल टेलिकम जोमसोम शाखाले जनाएको छ। पर्वत र म्याग्दी खण्डका दर्जनौँ स्थानमा फाइबर नेटका संरचनामा क्षति पुगेकाले इन्टरनेट सेवा अवरुद्ध भएको टेलिकम जोमसोमका कार्यालय प्रमुख हुम भुजेलले जानकारी दिनुभयो।

अवरुद्ध संरचनाको मर्मत गरी म्याग्दीको बेनीसम्म सेवा सहज भइसकेको जनाउँदै उहाँले म्याग्दीको उत्तरी क्षेत्र र मुस्ताङमा अझै सञ्चालन हुन नसकेको बताउनुभयो। म्याग्दीको बैसरी, थासाङको लेतेलगायत स्थानमा फाइबर नेटको प्रसारण लाइन मर्मत कार्य भइरहेको उहाँले जानकारी दिनुभयो।

प्रमुख भुजेलका अनुसार अप्टिकल फाइबर नेट सेवा अवरुद्ध भए पनि मुस्ताङका केही स्थानमा नेपाल टेलिकमको जिपिएस रेडियो लिङ्कबाट टेलिफोन तथा फोरजी सेवा चलिरहेको छ। मुस्ताङको वारागुङ मुक्तिक्षेत्र-३ छुसाङदेखि माथि कोरलानाकासम्म सोलार प्रविधिबाट रेडियो लिङ्क सञ्चालन भएकाले टेलिफोन र फोर सेवा चलाउन सकिने अवस्था रहेको उहाँको भनाइ छ। अवरुद्ध अप्टिकल फाइबर नेट सेवा छिटोभन्दा छिटो सञ्चालन गर्न प्राविधिक टोली जुटिरहेकाले आज साँझसम्म सेवा नियमित रूपमा सञ्चालन हुनसक्ने कार्यालय प्रमुख भुजेलले बताउनुभयो।

# विपद्‌ले सास्ती: सडक बग्यो, पुलमा क्षति, जनजीवन प्रभावित

पोखरापत्र संवाददाता
बागलुङ, १२ असोज

अविरल वर्षाका कारण बागलुङ जिल्ला बढी प्रभावित बनेको छ।

पर्वत जिल्लाको कुश्मा नगरपालिका-१ सहस्रधारा नजिकै सडक ५० मिटर बगाएपछि आइतबारदेखि बागलुङ-म्याग्दी-मुस्ताङ-पोखरा जोड्ने सडकखण्डमा यातायात ठप्प भएको छ।

सडक अवरुद्ध भएपछि बागलुङ बजारमा पेट्रोलियम पदार्थको अभाव भएको छ। अविरल वर्षापछि आएको बाढीले सहस्रधारा नजिकै सडकको झण्डै ५० मिटर सडक बगाएपछि बागलुङ, म्याग्दी र मुस्ताङ जाने सडक आइतबार बिहानैदेखि ठप्प छन्। पर्वततर्फको मालढुङ्गा पुलमा क्षति पुगेपछि आइतबारदेखि बागलुङ आउने सवारीसाधन आउन सकेका छैनन् भने पुल ममएत नगर्दासम्म सञ्चालनमा आउने सम्भावना कम रहेको सडक डिभिजन कार्यालय बागलुङले जनाएको छ।

सडक अवरुद्ध भएपछि बिरामीलाई झोलुङ्गे पुल तारेर पर्वत हुँदै पोखरा पठाउनुपर्ने बाध्यता रहेको स्थानीय धनबहादुर परियारले बताउनुभयो। बिरामी तथा अत्यावश्यक सामान ढुवानीमा थप खर्च लाग्ने भएको छ। पर्वतको जलजला गाउँपालिका-८ फर्सेको पुरानो बजारमा बाढीले ठूलो क्षति पुऱ्याएको छ। गाउँपालिका अध्यक्ष राजु आचार्यका अनुसार बाढीका कारण ६६ घरमा क्षति पुगेको छ भने २५ घर उच्च जोखिममा रहेका छन्। बागलुङमा अविरल वर्षापछि आएको बाढी तथा पहिरोमा परी दुई दिनमा १० जनाको मृत्यु भएको छ भने एक जना अझै बेपत्ता रहेका अध्यक्ष आचार्यले जानकारी दिनुभयो। उहाँका अनुसार लगातारको वर्षाका कारण बागलुङ, पर्वत र म्याग्दीका विभिन्न क्षेत्रमा बाढी तथा पहिरोले जनजीवन प्रभावित बनेको छ।

मालढुङ्गा पुलको मर्मतका लागि प्राविधिक समूहले अध्ययन गरिरहेको सडक डिभिजन कार्यालय बागलुङका प्रमुख हरी सुवेदीले जानकारी दिनुभयो।

सुवेदीका अनुसार कालीगण्डकी करिडोर र मध्यपहाडी लोकमार्गमा ठूलो क्षति गरेको छ भने पूर्ण रुपमा सडक बन्द भएपछि जिल्ला सदरमुकाम बागलुङबाट छुट्ने कुनै सवारीसाधन सञ्चालन हुन सकेका छैनन्।


## Embassy of India
## Pension Paying Office
## Pokhara

## Vacancy Announcement

1. Regional Centre ECHS Nepal, Defence Wing, Embassy of India invites applications for the post of **Radiologist** at ECHS Polyclinic, Pokhara.
2. For qualification, work experience, salary, terms & conditions and other details, see website www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address till 16 Oct 2026.

**OIC ECHS Polyclinic Pokhara,**
**c/o PPO Pokhara**
**Embassy of India, Pokhara**
**Tele No. : 061-430232**
**Email: oicpolypok.kathmandu@mea.gov.in**


## मौसम...

भएका हुन्। मुस्ताङबाट पनि पोखरा जाने हवाई यात्रुहरूको सङ्ख्या उल्लेख्य रहेको प्रमुख शर्माको भनाइ छ। निरन्तरको वर्षा र हिमपातले राष्ट्रिय गौरवको बेनी-जोमसोम-कोरला सडकका दर्जनौँ स्थानमा बाढी पहिरोले सडक अवरुद्ध भए पनि मुस्ताङ भ्रमण गर्ने पर्यटकलाई हवाई सेवा सञ्चालान भएसँगै मुस्ताङ भ्रमण गर्ने पर्यटकलाई भने केही राहत मिलेको छ।

पर्यटकीय याम तथा दसैँतिहार जस्ता महत्त्वपूर्ण चाडपर्व नजिकिँदै गर्दा बाढी पहिरो र नदी कटानले सडक अवरुद्ध हुँदा मुस्ताङको पर्यटन क्षेत्रले निकै ठूलो क्षति व्यवहोर्नुपरेको मुक्तिनाथ होटल एसोसिएसनका अध्यक्ष सुरज गुरुङले बताउनुभयो।

## कोरोलाका...

प्रमुख शर्माको भनाइ छ। उहाँका अनुसार म्याग्दी-मुस्ताङ सिमाना काभ्रेभिरबाट मुस्ताङखण्डको खहरे खोला, घाँसा, कैकु खोला, लेते खोला, मार्फा, पान्डा खोला, एक्लेभट्टी, कागबेनी, तिरीबारी, ग्रीन ताङ्वे, ताङ्वे खोला एक, ताङ्वे खोला दुई र छुसाङ खोलामा क्षति पुगेको छ। यस्तै बाढीपहिरोले मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-३ को घ्याकर खोला, चैले, समर खोला, झो खोला, स्याङवचे, घमी, चराङ, छोसेर र नेपाल-चीन सिमाना नजिकै रहेको लोमान्थाङ गाउँपालिका-४ न्हेचुङस्थित मुस्ताङ भन्सार कार्यालयलगायत स्थानको सडकमा क्षति पुगेको आयोजनाले प्रमुख शर्माले बैठकमा उल्लेख गर्नुभयो। बैठकमा सडकको अवस्था सडक सञ्चालनसम्बन्धी जानकारी दिँदै उहाँले म्याग्दी खण्डमा बाढीपहिरो र नदी कटानले केही स्थानमा सडक संरचना पूर्ण रूपमा क्षतिग्रस्त भएका उल्लेख गर्नुभयो। तातोपानी-पोखरेबगर जोड्ने कालीगण्डकी नदीमा निर्मित पक्की पुलको एप्रोज (पहुँचमार्ग) बाढीले क्षति पुऱ्याएको बताउनुभयो। उहाँले पर्याप्त जनशक्ति र उपरकणको व्यवस्थापन गर्न सकिएमा एक सातामा सडक पूर्ण रूपमा सञ्चालन गर्न सकिने अवस्था रहेको जानकारी दिनुभयो। जिल्ला विपद् व्यवस्थापन समिति अध्यक्ष एवं प्रजिअ शर्माले वर्षाले अवरुद्ध कोरला सडकलाई यथाशीघ्र सञ्चालनमा ल्याउने गरी सबै निकायसँग समन्वय र सहजीकरण गरिएको बताउनुभयो।

वर्षाले सडक अवरुद्ध भएपछि विभिन्न समस्या देखिन थालेका भन्दै उहाँले धार्मिक पर्यटकको आवागमन रोकिएकाले सडकलाई उच्च प्राथमिकता राखेर सञ्चालन गर्न सम्बन्धित निकायलाई अनुरोध गरिएको उल्लेख गर्नुभयो।

# पहिरोले घर जोखिममा: चार जना विस्थापित

पोखरापत्र संवाददाता
दमौली, १२ असोज

तनहुँको बन्दीपुर गाउँपालिका-४ ठूलढुङ्गामा पहिरो खस्दा एउटा घर जोखिममा परेको छ।

आइतबार साँझ भोजराज थापाको घरको पछाडिबाट पहिरो खसेपछि घर जोखिममा परेको हो। पहिरोबाट मानवीय क्षति भने नभएको जिल्ला प्रहरी कार्यालय तनहुँले जनाएको छ। सो घरमा बस्दै आएका चार जना परिवारका सदस्यलाई सुरक्षित स्थानमा सारिएको प्रहरी नायब उपरिक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो। घटनाबारे जानकारी पाएपछि प्रहरी चौकी डुम्रे, तनहुँबाट प्रहरी टोली घटनास्थलमा खटिएको थियो।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

## सुक्तिसुधा

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# बाढी पहिरोबाट जलविद्युतमा ठूलो धक्का

अविरल वर्षापछिको भीषण बाढी र पहिरोले मानवीय र भौतिक क्षति पुऱ्याएको छाबाढी र पहिरोले पुल, सडक भत्काउनुको साथै बस्ती नै बगाएको छ। नेपालले फड्को मार्दै गरेको जलविद्युत् क्षेत्रमा ठूलो धक्का पुर्याएको छ। हाल उत्पादित ४१ सय मेघावाट राष्ट्रिय प्रसारण प्रणालीमा जोडिएको कुल क्षमतामध्ये एकतिहाइ बिजुली प्रणालीबाहिर पुगेको छ। पछिल्लो दुई दिनमा पश्चिम नेपाल (गण्डकी र लुम्बिनी क्षेत्र) का करिब एक हजार मेगावाट र गत भदौ १० गतेको बाढीका कारण त्रिशूली-रसुवा करिडोरबाट अवरुद्ध ४३१ मेगावाट गरी अहिले झण्डै १ हजार ४५० मेगावाट बिजुली राष्ट्रिय प्रसारण प्रणालीबाट विच्छेद भएको छ।

बाढीका कारण जलविद्युत् आयोजनामा दुई प्रकारका समस्या देखिएका छन् । पहिलो, बाढी र बालुवाका कारण मेसिन जोगाउन गरिएका 'फोर्स सटडाउन' र दोस्रो, प्रसारणलाइनका टावरहरू नै पहिरोले ढालेका कारण अनिश्चितकालका लागि बन्द भएका आयोजनाहरू। 'फोर्स सटडाउन' भएका आयोजनाहरू पानीको सतह घटेपछि तुरुन्तै सञ्चालनमा आउनेछन् भने बाँकी आयोजना सञ्चालनका लागि केही समय लाग्ने नेपाल विद्युत प्राधिकरणको भनाइ छ। कालीगण्डकी करिडोरको ३५८ मेगावाट अनिश्चित, टावर ढल्दा १२ आयोजना बन्द पहिरोले कालीगण्डकी करिडोर २२० केभी प्रसारणलाइनअन्तर्गत म्याग्दीको दानादेखि पर्वतको कुस्मा खण्डका टावरहरू ढालेपछि यस क्षेत्रका १२ वटा आयोजनाबाट उत्पादित ३५८.२ मेगावाट बिजुली पूर्ण रूपमा ठप्प भएको छ। यसबाट ३८ मेगावाटको नीलगिरि-१, ७१ मेगावाटको नीलगिरि-२, ४२ मेगावाटको मिस्त्रीखोला, १४.८ मेगावाटको घारखोला, १३.६ मेगावाटको थापा खोला, ६ मेगावाटको रेले खोला, ५ मेगावाटको घलेम्दी, ४८.५ मेगावाटको माथिल्लो राहुघाट, ३५.५ मेगावाटको राहुघाट मङ्गले, २२.५ मेगावाटको माथिल्लो ठूलो खोला, २१.३ मेगावाटको ठूलो खोला र ४० मेगावाटको राहुघाट जलविद्युत् आयोजनाको उत्पादन बन्द भएको छ।

माथिल्लो राहुघाट, राहुघाट मङ्गले, नीलगिरि-१ र २ लगायतका आयोजनाका भौतिक संरचना सुरक्षित भए पनि प्रसारणलाइन नहुँदा उत्पादन रोक्नुपरेको छ। गत असोज ७ गते मात्रै परीक्षणका रूपमा राष्ट्रिय प्रणालीमा जोडिएको प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर लिमिटेडद्वारा प्रवर्द्धित ४० मेगावाटको राहुघाट जलविद्युत् आयोजनामा बाढीले आंशिक क्षति पुर्याएको छ। प्रसारणलाइन भत्किएर रोकिएका बाहेक बाढी र पानी पस्ने जोखिमका कारण प्राधिकरणले झण्डै ६०० मेगावाट क्षमताका आयोजनाहरू 'फोर्स सटडाउन' गरेको छ । जसमा प्राधिकरणकै सबैभन्दा ठूलो १४४ मेगावाटको कालीगण्डकी 'ए' सहित पोखरा क्षेत्रका अपर मादी, सिक्लेस, नामर्जुङ, सेती नदी, करुवासेती र मोदी क्षेत्रका गरी कुल ४०६ मेगावाट छन्। त्यस्तै, मर्स्याङ्दी करिडोरअन्तर्गतका मध्य मर्स्याङ्दी, तल्लो मर्स्याङ्दी र माथिल्लो मर्स्याङ्दीबाट कुल १८९ मेगावाट उत्पादन स्थगित गरिएको छ। गत भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीले त्रिशूली-चिलिमे २२० केभी र त्रिशूली ३ 'बी' हबसँग सम्बन्धित प्रसारणलाइनका करिब २० वटा टावरहरू ढालेको थियो।

जसका कारण ४३१.१ मेगावाट विद्युत् अझै प्रणालीबाहिर छ । त्यसबेलादेखि नै १११ मेगावाटको रसुवागढी, ६० मेगावाटको त्रिशूली ३ 'ए', ७८ मेगावाटको सालासुङ्गी (सान्जेन), ४२.५ मेगावाटको सान्जेन, २२ मेगावाटको चिलिमे, २५ मेगावाटको सौर्य प्लान्टसहित ११ वटा जलविद्युत् आयोजना पूर्ण ठप्प छन् । यसमा पनि साञ्जेन लगायतका १६० मेगावाट जलविद्युत् आयोजना पूर्ण रूपमा ठिक भए पनि प्रसारण लाइनकै कारण शहरी उपभोक्तासमक्ष पुर्याउन सकिएको छैन । त्रिशूली करिडोरमा प्रसारणलाइन पुनर्निर्माण गर्न कम्तीमा ३ देखि ४ महिना लाग्नेछ । यसरी हेर्दा प्रसारण लाइनकै कारण ५१८ मेगावाट बिजुली अहिले राष्ट्रिय प्रसारण लाइनबाट बाहिर छ । एकैपटक ठूलो मात्रामा बिजुली उत्पादन घटेपछि प्राधिकरणले औद्योगिक क्षेत्रमा विद्युत् कटौती गरेको छ। वर्षाका कारण हाल गार्हस्थ्य माग घटेर प्रणालीको माग दुई हजार मेगावाटभन्दा तल झरेकाले लोड व्यवस्थापन गर्न सकिएको प्राधिकरणको दावी छ। 'अहिले पिक आवरको माग २ हजार २०० देखि २ हजार ३०० मेगावाटसम्म हुने भए पनि पानी पर्दा माग घटेको छ,।उद्योगहरूलाई पूर्ण बन्द नगरिए पनि पिक आवरमा मेसिनको लोड घटाउन भनिएको छ। पहिले २० मेगावाट दिनेलाई अहिले १० मेगावाट मात्र दिइएको छ। तराई-मधेश क्षेत्रमा पनि बाढीले वितरण प्रणालीमा क्षति पुर्याएको छ। प्राधिकरणको मधेश प्रादेशिक कार्यालयका अनुसार बाढीका कारण उच्च र न्यून चापका ७८ वटा पोलहरू ढलेका छन् भने १४ वटा वितरण ट्रान्सफर्मरमा क्षति पुगेको छ।

बाढीका कारण प्रसारणलाइन ध्वस्त भएर त्रिशूली करिडोरको ४३१ मेगावाट र कालीगण्डकी करिडोरको ३५८ मेगावाट गरी झण्डै ८०० मेगावाट बिजुली तत्काल राष्ट्रिय प्रणालीमा ल्याउन नसकिने अवस्था सिर्जना भएको छ । यस्तो अवस्थामा ठूला प्रसारणलाइन समयमै बन्न नसके आगामी हिउँदमा देशले पुनः गम्भीर विद्युत् संकट र लोडसेडिङको सामना गर्नुपर्ने जोखिम बढेको छ। सरकारले सबै ध्यान विद्युत आयोजना मर्मत, संचालन र प्रसारण लाइन बनाउन लगाउनुपर्छ। यो काम पुरानो तरिकाबाट सजिलो छैन। छिटो र छरितो विधि अपनाएर अनुभवीको सहयोग आवश्यक छासरकारको एकलकाँटे शैलीले भत्केको र विग्रेको काम चाँडो हुन नसक्ने व्यवहारले देखाइसकेको छ । निजी क्षेत्रलाई विश्वासमा लिने र सक्षम र ईमान्दार जनशक्तिलाई काममा लगाउने ठूलो छाती सरकार चलाउनेको हुनुपर्छ। यसो हुन नसके फेरि लोडसेडिङको दुष्चक्रमा पर्नेछौं।

# तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सहयोग मिल्नेछ |
| वृष | : कार्यमा सफलता | वृश्चिक | : ब्यापारमा लाभ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : झमेला बढ्ने |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : सत्कार मिल्नेछ | कुम्भ | : शुभ यात्रा |
| कन्या | : मानसिक तनाब | मीन | : आर्थिक समस्या |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# बेँसीसहर-चामे सडक सञ्चालन गर्न १० दिन लाग्ने अनुमान

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ असोज

पछिल्लो चार दिनको निरन्तरको वर्षापछिको बाढीपहिरोबाट बेँसीसहर-चामे सडकको विभिन्न ठाउँमा क्षति पुगेपछि पहिरो पन्छाइ भत्किएको सडकको मर्मत सुरु गरिए पनि पूर्णरूपमा सञ्चालनमा ल्याउन करिब एक साता लाग्ने अनुमान गरिएको छ।

डुम्रे-बेँसीसहर-चामे सडक आयोजना कार्यालयका सूचना अधिकारी नवीन विष्टका अनुसार उक्त सडक मुख्य रूपमा तीन स्थानमा बढी क्षति पुगेको छ। त्यसबाहेक पनि विभिन्न स्थानमा साना-ठूला गरी दर्जनौं पहिराले सडकमा क्षति पुगेको छ । कतिपय ठाउँमा सडक भासिएको छ भने केही स्थानमा नदीले सडक कटान गरेको छ । "अहिले धेरै ठाउँमा सडकमा क्षति पुगेको छ", उहाँले भन्नुभयो, "पूर्ण रूपमा सञ्चालनमा ल्याउन कम्तीमा हप्ता दिन लाग्न सक्छ ।" उहाँका अनुसार मर्स्याङ्दी गाउँपालिका-४ रामबजार क्षेत्रमा करिब २५ देखि ३० मिटर सडक भासिएको छ । उक्त स्थानमा सडक खुलाउने तयारी भइरहेको छ। रामबजार आसपासका साना-साना अवरोध हटाएर सडक खुलाउने काम भइरहेको उहाँले बताउनुभयो । मनाङको नासों गाउँपालिका-३ खोत्रो क्षेत्रमा ठूला ढुङ्गासहित पहिरो गएको छ। ठूला ढुङ्गा हटाउन बम ब्लास्टिङ गर्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो। कोत्रो क्षेत्रमा पनि मर्स्याङ्दी नदीले सडक कटान गरेको छ। दुई ठाउँमा रहेका काठे पुल बगाएको छ। सडक खुलाउन आयोजनाले दुई वटा डोजर प्रयोग गरिरहेको छ भने थप एउटा डोजर नुवाकोटबाट ल्याउने तयारी गरिएको छ। तीन वटै डोजर परिचालन गरेर सडक खुलाउने तयारी भइरहेको उहाँले बताउनुभयो। सडक खुलाउन जलविद्युत् आयोजनासँग समेत सहयोग माग गरिएको छ।

केही स्थानमा सडकको क्षति व्यवस्थापनका लागि प्राविधिक अध्ययनसमेत आवश्यक पर्ने उहाँले बताउनुभयो । विसं २०७८ मा बाढीपहिरोका कारण बेँसीसहर-चामे सडक लामो समय अवरुद्ध भएको स्मरण गर्दै अहिले धेरै ठाउँमा एकैपटक क्षति भएकाले सडक पूर्ण रूपमा सञ्चालनमा ल्याउन समय लाग्ने उहाँले बताउनुभयो ।करिब ६५ किलोमिटर लामो बेँसीसहर-चामे सडक मनाङलाई राष्ट्रिय सडक सञ्जालसँग जोड्ने मुख्य स्थलमार्ग हो। सडकमा क्षति पुगेपछि मनाङवासीको आवतजावतसँगै खाद्यान्न, औषधि, निर्माण सामग्रीलगायत अत्यावश्यक वस्तुको ढुवानी प्रभावित भएको छ। मनाङमा अहिले खानेपानीको समस्या देखिन थालेको र अधिकांश खाद्यान्न तथा आवश्यक सामग्री बाहिरबाट ल्याउनुपर्ने भएकाले सडक लामो समय अवरुद्ध भए समस्या थपिन सक्ने उहाँले बताउनुभयो।

# मर्स्याङ्दी नदीमा जलसतह घट्यो, तत्काल चिन्ता गर्नुपर्ने अवस्था छैन : जिल्ला प्रशासन

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ असोज

वर्षाका कारण मर्स्याङ्दी नदी बढेको पानीको सतह र बहाव घट्दै गएको छ। लमजुङमा तत्काल बाढीको जोखिम नरहेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खनालले हाल नदीको पानीको सतह घट्दै गइरहेकाले तत्काल चिन्ता गर्नुपर्ने अवस्था नरहेको जानकारीदिनुभयो । उहाँका अनुसार केही दिनअघि नदीमा पानीको बहाव असार-साउनमा आएको बाढीपहिरोको तुलनामा दोब्बरजस्तै भए पनि अहिले अवस्था क्रमशः कम हुँदै गएको छ। "अहिले पानीको सतह घट्दै गइरहेको छ । केही दिनअघि असार-साउनमा आएको बाढीपहिरोको तुलनामा दोब्बरजस्तै बहाव देखिएको थियो, अहिले फेरि सामान्यतर्फ फर्किरहेको अवस्था छ," उहाँले भन्नुभयो, "तत्काल जोखिम छैन। सुरक्षित तरिकाले बस्न सकिने अवस्था छ ।" यसअघि मनाङको चामे क्षेत्रमा घट्टेखोलामा पहिरो खसेर खोला थुनिन सक्ने र त्यसबाट बाढी आउन सक्ने जोखिम देखिएपछि मर्स्याङ्दी नदी आसपासका तटीय क्षेत्रमा पनि सतर्कता अपनाइएको थियो । हाल लमजुङ खण्डमा भने नदीको पानीको सतह घट्दै गएको जनाइएको छ।

यद्यपि आइतबार एक निरन्तर वर्षाका कारण बाढीले जिल्लाका विभिन्न स्थानमा भौतिक संरचनामा क्षति पुऱ्याएको छ। बेँसीसहर नगरपालिका-११ र उदिपुर क्षेत्रको बीचमा मर्स्याङ्दी नदीमाथि रहेको मोटरेबल पुलमा समेत क्षति पुगेको छ । पुलमा क्षति पुगेपछि उक्त पुल हुँदै दोर्दी गाउँपालिकाको केन्द्र तथा बेँसीसहर-११ लगायतका क्षेत्रमा आवतजावत गर्ने सवारीसाधन प्रभावित भएका छन् । प्रमुख जिल्ला अधिकारी खनालले आफू प्राविधिकसहित आज पुल तथा बाढीबाट क्षति पुगेका अन्य स्थानको निरीक्षणमा जाने जानकारी दिनुभयो।

**जलविद्युत् आयोजना पुनः सञ्चालन गर्ने तयारी**

निरीक्षणपछि आवश्यकताअनुसार पुलको मर्मतसम्भारको काम अघि बढाइने उहाँले बताउनुभयो । नदीमा पानीको बहाव बढेपछि मर्स्याङ्दी करिडोरमा रहेका जलविद्युत् आयोजना पनि प्रभावित भएका थिए । जोखिम बढेपछि आइतबार ७० मेगावाटको मध्य-मर्स्याङ्दी र ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजनाले विद्युत् उत्पादन बन्द गरी पानी पूर्ण रूपमा बाहिर छाडेका थिए। हाल नदीको बहाव र पानीको सतह घट्दै गएकाले दुवै जलविद्युत् आयोजना पुनः सञ्चालन गर्ने तयारी भइरहेको प्रमुख जिल्ला अधिकारी खनालले बताउनुभयो । नदीको अवस्था सुरक्षित भएपछि आयोजनाहरू सञ्चालनमा आउने उहाँको भनाइ छ। निरन्तर वर्षाका कारण मर्स्याङ्दी नदीमा पानीको बहाव बढ्नुका साथै लेदो, बालुवा तथा गेग्रानको मात्रा बढेपछि आयोजनाहरूमा जोखिम बढेको थियो । त्यसैलाई ध्यानमा राख्दै सुरक्षाका लागि विद्युत् उत्पादन रोकेर पानी बाहिर छाडिएको थियो। प्रमुख जिल्ला अधिकारी खनालका अनुसार अहिले नदीको अवस्था क्रमशः सामान्य बन्दै गएको छ। केही दिनअघिको तुलनामा पानीको सतह घट्दै गए पनि वर्षाको अवस्था हेरेर सतर्कता भने कायम राख्नुपर्ने अवस्था रहेको उहाँले बताउनुभयो।

# बाढीले उजाडियो पर्वतको फर्से बजार

**पोखरापत्र संवाददाता**
पोखरा, १२ असोज

कालीगण्डकी नदीमा आएको बाढीले पर्वतको जलजला गाउँपालिका-८ फर्सेको पुरानो बजार क्षणभरमै उजाड बनेको छ।

निरन्तरको वर्षापछि आज बिहान आएको बाढीले फर्सेका ६६ घर क्षतिग्रस्त बनेका छन् । यस्तै, २५ घर उच्च जोखिममा परेको गाउँपालिका अध्यक्ष राजु आचार्यले जानकारी दिनुभयो । "फर्सेको पुरानो बजारका अधिकांश कच्ची घर बाढीले बगाएको छ", उहाँले भन्नुभयो, "बचेका घर पनि बस्न मिल्ने अवस्थामा छैनन् । बाढीले नदीकिनारको बस्ती नै उजाडेको छ।" बाढीका कारण कुनै मानवीय क्षति नभए पनि भौतिक रूपमा ठूलो क्षति भएको अध्यक्ष आचार्यले बताउनुभयो । बाढीले घर बगाएपछि विस्थापित बनेका स्थानीयवासीलाई सुरक्षित स्थानमा सारिएको उहाँको भनाइ छ । विस्थापितमध्ये केही परिवारलाई नजिकका आफन्तकहाँ आश्रयको व्यवस्था मिलाइएको छ।

गाउँपालिकाले क्षतिको विवरण सङ्कलन गर्ने कार्य भइरहेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय पर्वतका सूचना अधिकारी दिनेशपौडेलले बाढीबाट विस्थापित परिवारका लागि तत्काललाई 'होल्डिङ सेन्टर'मा राखिएको बताउनुभयो । सोमबारदेखि राहत तथा पुनःस्थापनाको काम सुरु हुने उहाँको भनाइ छ।

बाढीले फर्से र बागलुङको ढोडेनी जोड्ने झोलुङ्गे पुल बगाएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो । पोखरा-बागलुङ हुँदै मुस्ताङ जाने सडकमा पनि क्षति पुगेको उहाँले बताउनुभयो । सडक कटान भएपछि सो खण्ड हुँदै पोखरा जाने यातायातका साधन सञ्चालन हुनसकेका छैनन्।

नजिकैको लस्ती बजार पनि बाढीले जोखिममा परेको गाउँपालिकाले जनाएको छ । बाढीको कटानबाट खेत, सडक, पुल, खानेपानी आदिमा क्षति पुगेको छ । पर्वतमा मानवीय क्षति भने नभएको प्रहरी निरीक्षक पौडेलले जानकारी दिनुभयो।

# कालीगण्डकीमा जलसतह कम भएसँगै आजदेखि विद्युत् उत्पादन सुरु गर्ने तयारी

**पोखरापत्र संवाददाता**
वालिङ, १२ असोज

कालीगण्डकी-५ बेल्टारीस्थित कालीगण्डकी 'ए' जलविद्युत् आयोजनाले आजदेखि विद्युत् उत्पादन पुनः सञ्चालन गर्ने भएको छ।

चार दिनदेखि लगातार परेको वर्षाका कारण कालीगण्डकी नदीमा पानीको बहाव उच्च भएसँगै आयोजना बन्द गरिएको थियो । विद्युत् उत्पादन सुरु गर्न लागिएको कालीगण्डकी 'ए' जलविद्युत् केन्द्रका प्रमुख आत्मेस पौडेलले जानकारी दिनुभयो । "कालीगण्डकी नदीमा पानीको उच्च बहाव भएकाले जोखिम हुन नदिनका लागि उत्पादन नै बन्द गरेका हौँ," उहाँले भन्नुभयो, "अहिले नदीमा पानीको सतह घट्दै गएकाले अब सुरुङभित्र रहेको हिलो हटाउने र पावर हाउसको अवस्था निरीक्षण गरेर सुचारु गर्ने तयारी गरेका छौँ।" प्राविधिक टोलीले बाढीपछिको अवस्थाबारे निरीक्षण गरेकाले आज बिहान १०:०० बजेदेखि उत्पादन सुरु गर्न सकिने भएको उहाँले बताउनुभयो। कालीगण्डकी नदीमा बाढी आएपछि मिर्मीस्थित बाँधका सबै ढोका खोलेर पानी नदीमा फालिएको थियो । कालीगण्डकी 'ए' जलविद्युत् परियोजनाबाट १४४ मेगावाट विद्युत् उत्पादन हुने गरेको छ। चार दिनदेखि परेको अविरल वर्षाका कारण स्याङ्जा, पर्वत र गुल्मीको सङ्गमस्थल सेतीवेणी बजार डुबानमा परेको छ। सेतीवेणी बजारका २६ घरका मानिसलाई नजिकैको विद्यालयमा राखिएको छ । यसैगरी, कालीगण्डकी 'ए' जलविद्युत् परियोजनाको बाँधस्थलभन्दा केही तल रहेको स्याङ्जा र गुल्मी जोड्ने मोटरेबल पुल कालीगण्डकी नदीमा आएको बाढीले आइतबार बिहान बगाएर लगेको थियो।

# मर्स्याङ्दीका दुवै जलविद्युत् आयोजना पुनः सञ्चालन

**पोखरापत्र संवाददाता**
लमजुङ, १२ असोज

मर्स्याङ्दी नदीमा पानीको सतह र बहाव बढेपछि आइतबार बिहानदेखि बन्द भएका लमजुङका दुई ठूला जलविद्युत् आयोजना पुनः सञ्चालनमा आएका छन्।

जिल्लामा सञ्चालित ७० मेगावाटको मध्यमर्स्याङ्दी र ५० मेगावाटको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना आजदेखि पुनः सञ्चालनमा आएका हुन्।

बेँसीसहर नगरपालिका-१ दलालमा रहेको मध्यमर्स्याङ्दी जलविद्युत् आयोजना आज दिउँसोदेखि पुनः सञ्चालनमा आएको हो। नदीमा पानीको सतह र बहाव बढेर जोखिमको अवस्था आएपछि आयोजना आइतबार बिहानदेखि पूर्ण रूपमा बन्द गरिएको थियो।

आयोजना प्रमुख तारादत्त भट्टराईका अनुसार उत्पादन बन्द गरेर आयोजनाबाट आएको पानी पूर्ण रूपमा नदीतर्फ निकास गरिएको थियो । नदीको बहाव सामान्य बन्दै गएपछि आज दिउँसोदेखि पुनः विद्युत् उत्पादन सुरु गरिएको उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार अहिले नदीमा तत्काल कुनै जोखिमको अवस्था छैन। प्रमुख भट्टराईले ७० मेगावाट क्षमताको मध्यमर्स्याङ्दी आयोजनामा ३५-३५ मेगावाट क्षमताका दुई वटा टर्बाइन रहेका बताउनुभयो । यसैगरी, मर्स्याङ्दी गाउँपालिका-८ भुलभुलेमा रहेको ५० मेगावाट क्षमताको माथिल्लो मर्स्याङ्दी 'ए' जलविद्युत् आयोजना पनि आज बिहान ११:५० बजेदेखि पूर्ण रूपमा सञ्चालनमा आएको छ।

दर्ता नं.७६२/०६८/०६९

**रामघाट महिला बचत तथा ऋण सहकारी संस्था लि.**
**RAMGHAT MAHILA SAVING & CREDIT CO-OPERATIVE LTD.**
पोखरा महानगरपालिका-१० रामघाट, कास्की

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०५/२२**

यस रामघाट महिला बचत तथा ऋण सहकारी संस्था लि.पोखरा-१० कास्कीको मिति २०८३/०५/१८ मा बसेको संचालक समितिको बैठको निर्णय अनुसार संस्थाको १५औं बार्षिक साधारण सभामा उपस्थित हुने बारेको सूचना मिति २०८२/०५/२२ मा प्रकाशित गरि आधिकारीक पत्र, सामाजिक संजाल र फोन मार्फत शेयर सदस्यहरु लाई जानकारी गराइ सकिएको छ। कारणवश सुचना प्राप्त नभएको भए यसै सुचना लाई आधार मानी निम्न मिति, समय र स्थानमा सम्पन्न गरिने साधारण सभामा शेयर सदस्यहरु अनिवार्य उपस्थित भइदिनु हुनको लागि हार्दिक अनुरोध गर्दछु ।

**कार्यक्रम :**
मिति : २०८३ असोज २८ गते बुधवार
समय : बिहान ११ बजेदेखी
स्थान : S.R.K.C.Banquet- (एस.आर.के.सी.वैनक्युट) १२ नं वडा कार्यालयको अगाडी, माटेपानी, पोखरा

**१५ औं बार्षिक साधारणसभामा प्रस्तुत प्रस्तावहरु**
१. अध्यक्षको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
२. संचालक समितिको तर्फबाट सचिवको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
३. आ.व.२०८२/०८३ को लेखा परिक्षण प्रतिवेदन पेश र अनुमोदन सम्बन्धमा ।
४. कोषाध्यक्ष बाट आ.व.२०८३/०८४ को नीति कार्यक्रम तथा अनुमानित बजेट प्रस्तुत र पारित सम्बन्धमा ।
५. लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत र पारित सम्बन्धमा ।
६. आ.व. २०८३/०८४ को लागि लेखापरीक्षकको नियुक्ती र पारिश्रमिक तोक्ने सम्बन्धमा ।
७. लाभांश तथा संरक्षित पुंजीकोष बितरण सम्बन्धी प्रस्ताव प्रस्तुत र पारित सम्बन्धमा ।
८. साधारण सभामा भएको निर्णय पुस्तिकामा दस्तखत गर्न सदस्यको नाम चयन सम्बन्धमा ।
९. अध्यक्ष ज्यूबाट मन्तव्य सहित सभा समापनको घोषणा ।

थप जानकारीको लागि ९८४६१-३८०६१ र ५८३७६९

संचालक समितिको आज्ञाले
मिना ढुंगाना
सचिव

# कागतीदेखि ड्रागन फ्रुटसम्म: तीन युवाको आँटले बाँझाखेतमा फुल्यो सपना

रासस
लमजुङ, १२ असोज

बेँसीसहर नगरपालिका-१० बाँझाखेतमा मर्स्याङ्दी नदी किनारको जग्गामा तीन युवाले सुरु गरेको ड्रागन फ्रुटखेतीले नयाँ सम्भावना देखाएको छ । केही वर्षअघि कागतीखेतीबाट अपेक्षित आम्दानी लिन नसकेपछि इन्द्र घले, योगबहादुर घले र रामबहादुर गुरुङ ड्रागन फ्रुटखेतीतर्फ लाग्नुभएको हो ।

तीन जनाले जनही रु तीन लाख लगानी गर्ने सहमति गरी ४० रोपनी जग्गा २० वर्षका लागि भाडामा लिनुभएको थियो । उत्पादन सुरु भएपछि प्रतिरोपनी वार्षिक रु चार हजार भाडा तिर्ने सहमति भएको इन्द्र घलेले बताउनुभयो । सुरुमा करिब एक रोपनीमा ६०० कागतीका बिरुवा लगाइएको थियो । बलौटे माटोका कारण कागतीबाट अपेक्षित आम्दानी हुन सकेन । विसं २०७५/७६ तिर सामाजिक सञ्जालमार्फत ड्रागन फ्रुटखेतीबारे जानकारी पाएपछि त्यसतर्फ आकर्षित भएको उहाँले बताउनुभयो । विसं २०७७ चैतमा दमौलीबाट बिरुवा ल्याएर ५० वटा पिलरबाट ड्रागन फ्रुटखेती सुरु गरियो । सुरुमा १५-१६ जना मिलेर खेती गर्ने योजना बनाइएको थियो । तर व्यवस्थापन तथा निर्णय प्रक्रियामा कठिनाइ हुने देखिएपछि अन्ततः तीन



जनाले खेतीलाई निरन्तरता दिनुभएको छ ।

ड्रागन फ्रुटसँगै उहाँहरूले खुर्सानी र तरबुजाखेती गर्नुभएको छ । करिब दुई रोपनीमा लगाइएको खुर्सानी पहिलो वर्ष १० क्विन्टल र दोस्रो वर्ष ४० क्विन्टल उत्पादन भएको थियो । मृगले बालीमा क्षति पुर्‍याउन थालेपछि खुर्सानीखेती बन्द गरिएको इन्द्रले बताउनुभयो । पहिलो वर्ष करिब ४० क्विन्टल तरबुजा उत्पादन हुँदा रु दुई लाख ५० हजार आम्दानी भएको थियो । सुरुमा आठ रोपनीमा लगाइएको तरबुजा अहिले पाँच रोपनीमा सीमित गरिएको छ । ड्रागन फ्रुटको उत्पादन भने हरेक वर्ष बढ्दै गएको छ । विसं २०८० मा करिब एक क्विन्टल, २०८१ मा दुई क्विन्टल र २०८२ मा पाँच क्विन्टल उत्पादन भएको थियो । यस वर्ष बिरुवा परिपक्व हुँदै गएकाले करिब १५ क्विन्टल उत्पादन हुने अपेक्षा गरिएको इन्द्रले बताउनुभयो । उहाँका अनुसार हालसम्म करिब १२ लाख आम्दानी भएको छ । प्रतिकिलोग्राम रु ४५० का दरले ड्रागन फ्रुट बिक्री भइरहेको छ । कृषि विकास कार्यालय लमजुङका प्रमुख किरण सिग्देलका अनुसार जिल्लामा करिब १० हेक्टरमा ड्रागन फ्रुटखेती भएको अनुमान छ । आधिकारिक तथ्याङ्क प्राप्त नभए पनि ड्रागन फ्रुटको व्यावसायिक उत्पादन र विस्तारका लागि थप अध्ययन आवश्यक रहेको उहाँले बताउनुभयो । उहाँका अनुसार पानी नजम्ने बलौटे माटोमा ड्रागन फ्रुटखेती राम्रो हुनसक्छ । घरआँगन, टारी तथा प्रयोगविहीन जग्गामा समेत खेती गर्न सकिने भएकाले यसको सम्भावना रहेको उहाँले बताउनुभयो । खेतीमा मल व्यवस्थापन भने चुनौतीका रूपमा रहेको इन्द्रले बताउनुभयो । आफ्नै पशुपालनबाट पर्याप्त मल नपुग्ने भएकाले बेँसीसहर र चनौटदेखि ल्याउनुपर्ने बाध्यता छ ।

सुरुमा बाटोमा हिँड्ने तथा घुम्न आउने ग्राहकले खरिद गर्ने गरेकामा अहिले ग्राहक आफैँ बारीमा पुगेर ड्रागन फ्रुट किन्न थालेका छन् । उत्पादन बढेपछि लमजुङबाहिरका बजारमा समेत बिक्री गर्ने योजना रहेको उहाँले बताउनुभयो । हालसम्म उक्त खेतीका लागि रु ३० लाख लगानी भइसकेको छ । पिलर, बिरुवा, सिँचाइ, मल तथा बारी व्यवस्थापनमा लगानी बढ्दै गए पनि कृषि कर्जा सहज रूपमा उपलब्ध नहुँदा थप विस्तारमा समस्या भएको उहाँले बताउनुभयो । हाल करिब ५०० पिलरमा ड्रागन फ्रुटखेती गरिएको छ । आगामी दिनमा पिलरको सङ्ख्या एक हजार पुर्‍याउने र गुणस्तरीय उत्पादन गर्दै जिल्लाबाहिरका बजारमा पुर्‍याउने लक्ष्य रहेको इन्द्रले बताउनुभयो ।

कागतीबाट सुरु भएको यात्रा ड्रागन फ्रुटसम्म आइपुग्दा बाँझाखेतमा तीन युवाले खेतीमा नयाँ प्रयोगमात्र गरेका छैनन्, सम्भावना खोज्दै कृषि व्यवसायमा लाग्ने युवाका लागि नयाँ बाटोसमेत देखाएका छन् ।

# उपकार सहकारी संस्थाको १९ औं साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज

उपकार बचत तथा ऋण सहकारी संस्था लि. को १९औं साधारण सभा शनिबार सम्पन्न भएको छ ।

संस्थाका अध्यक्ष सूर्यनाथ पहारीको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रमुख अतिथि पो.म.न.पा. ०५, मालेपाटन निवासी सफल युवा व्यबसायी तथा संस्थाका शेयर सदस्य निर्मल भण्डारीले कार्यक्रमको उद्घादन गर्नु भएको थियो । संस्थाका सचिव कृष्ण कुमारी घिमीरेले संचालन गर्नु भएको कार्यक्रममा कार्यसमिति सदस्य भगिरथी क्षेत्री थापाले सहकारीका ७ सिद्धान्त बाचन गर्नु भएको थियो भने उपाध्यक्ष सुन्दर राज पहारीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । लेखा सुपरीबेक्षण समितीको तर्फबाट लेखा सुपरिबेक्षण समिती सदस्य हेमराज चालिसेले प्रतिवेदन पेश गर्नुभयो भने संचालक समितिको तर्फबाट सचिव कृष्ण कुमारी घिमीरेले गत आ.व. को प्रगति विवरण तथा आगामी बर्षको लागी प्रस्ताबित कार्यक्रमहरु पेश गर्नु भयो । कार्यक्रममा गत आ.व. २०८२/०८३



मा बचत तर्फ प्रकाश ढुङ्गाना, असल कारोबारमा यसोधा तिवारी, कर्मचारी तर्फ देबि दाहाल तथा संचालक समितीमा बैकुण्ठ ढुङ्गानालाई दोसल्ला तथा प्रशंसा पत्रले सम्मान गरिएको थियो । संस्थाका संस्थापक अध्यक्ष इन्द्र प्रसाद पौडेलले संस्था स्थापना कालमा संस्थापक सदस्यहरुले गरेको मेहनतको स्मरण गर्दै आज संस्था यहाँसम्म आइपुग्दा आफुलाई खुसी लागेको बताउँदै सम्पूर्ण शेयर सदस्यहरुलाई धन्यबाद व्यक्त गर्नुभयो भने पूर्व लेखा समिती संयोजक कुल प्रसाद सुबेदी, सल्लाहकार फत्त बहादुर हिस्की र शेयर सदस्यको तर्फबाट सिर्जना सापकोटाले शुभकामना मन्तव्य व्यक्त गर्नुभयो । प्रमुख अतिथी निर्मल भण्डारीको तर्फबाट सहकारीले पशु तथा कृषि जन्य लगानीमा सहजता तथा कम ब्याजदरमा लगानी गर्नु पर्नेमा जोड दिँदै आफुलाई संस्थाको शेयर सदस्य भएकोमा गौरव महसुस भएको बताउनु भयो । संस्थाका अध्यक्ष सूर्यनाथ पहारीले सहकारी बिभाग तथा नियमन निकायबाट आउने बिभिन्न निर्देशन तथा कार्यबिधी अनुरुप सहकारी संचालन गर्न निकै चुनौति रहेको बताउँदै, आगामी दिनमा सहकारीलाई अझ परिस्कृत तथा प्रबिधी मैत्री बनाउँदै संस्था संचालन गर्ने प्रतिबद्दताका साथ सम्पूर्ण शेयर सदस्यहरुलाई साथ सहयोगको लागी धन्यबाद सहित आउँदै गरेका वडा दशैं, दिपावली तथा छठ पर्बको शुभकामना दिँदै कार्यक्रमको समापन गर्नु भएको थियो ।

# बाढी पीडितका लागि मोबाइल वितरक संघ गण्डकीद्वारा एक लाख ११ हजार सहयोग

पोखरापत्र संवाददाता
पोखरा, १२ असोज

भोटेकोसी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोटलगायत विभिन्न जिल्लामा भएको जनधनको क्षतिप्रति नेपाल मोबाइल वितरक संघ गण्डकी प्रदेशले दुःख व्यक्त गर्दै बाढीपीडितको सहयोगका लागि एक लाख ११ हजार एक सय ११ रुपैयाँ सहयोग गरेको छ ।

संघले विपदमा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा प्रभावित सबैमा शीघ्र स्वास्थ्यलाभको कामना गरेको छ । विपद्को यस कठिन घडीमा सामाजिक उत्तरदायित्वअन्तर्गत संघले उक्त रकम सहयोग गरेको जनाएको छ ।

संघका अनुसार सहयोग रकम केन्द्रीय राहत कोषका लागि हस्तान्तरण गरिएको हो । नेपाल मोबाइल वितरक संघ गण्डकी प्रदेशका अध्यक्ष सुशीलकुमार गुरुङ, वरिष्ठ उपाध्यक्ष सुनील श्रेष्ठ, कोषाध्यक्ष तारानाथ आचार्य तथा निवर्तमान अध्यक्ष एवं केन्द्रीय उपाध्यक्ष मनोहरप्रसाद श्रेष्ठले उक्त रकम संघका केन्द्रीय सहकोषाध्यक्ष विनोद केसीलाई हस्तान्तरण गरेका हुन् । संघले प्राकृतिक विपद्का कारण प्रभावित परिवार तथा समुदायको पीडामा आफूहरू साथमा रहेको जनाएको छ ।

विपद्को समयमा सबै क्षेत्रबाट मानवीय सहयोग र सहकार्य आवश्यक रहेको भन्दै संघले राहत तथा पुनःस्थापनाका कार्यमा हातेमालो गर्न आग्रहसमेत गरेको छ । संघले बाढीपहिरोबाट प्रभावित परिवारप्रति समवेदना व्यक्त गर्दै उद्धार, राहत तथा पुनःस्थापनामा खटिएका सबैप्रति आभार व्यक्त गरेको छ ।

# पहिरोबाट उद्धार गरिएका भन्छन्, 'नयाँ जीवन पायौँ'

सन्तोष गौतम
म्याग्दी, १२ असोज

पहिरोमा फसिएका म्याग्दीको अन्नपूर्ण गाउँपालिका-५ गिवाङका ५७ वर्षीय प्रेमबहादुर पुन र वडा नम्बर १ दोवाका ४१ वर्षीय ललित पुन आइतबार करिब १२ घण्टा पहिरोको बीच भागमा फस्नुभयो ।

चार दिनदेखिको लगातारको झरिपछि आइतबार बिहानैदेखि प्रेमबहादुरको घर वरपर निरन्तर पहिरो खसेर घेरिएको थियो ।

दिउँसो ३:०० बजेपछि नेपाली सेनाको हेलिकप्टरमा गएका सुरक्षाकर्मीहरूले उद्धार गरेर बेनी ल्याएपछि पुनद्वयले नयाँ जीवन पाएको अनुभव सुनाउनुभयो । "मेरो घर डाँडामा छ, दुईतिर खोल्सा छन्, दायाँ र बायाँ पहिरो खसिरह्यो, तल र माथि भिर भएकाले अन्य जाने बाटो भएन, अब यत्तिकै त होला नि हाम्रो जीवन भन्ने त्रासमा बसिरह्यौँ," प्रेमले भन्नुभयो, "फोन गरे पनि कतै लाग्दैनथ्यो, छट्पटीमै १२ घण्टा बित्यो, दिउँसो पानी बन्द भयो, आकाश पनि खुल्यो र त्यसपछि हेलिकप्टर आउन थालेपछि बाँच्ने आश पलायो, उद्धार भएपछि नयाँ जीवन पाएको महसुस गरेका छौँ ।" घरमा एक्लै बस्ने प्रेमबहादुर कहाँ दोवाका ललित खोपारा लेकको



भेडागोठबाट घर फर्कने क्रममा बास बस्नुभएको थियो । "गोठबाट चार महिनापछि घर जान फर्कंदै थिए, रात परेर पाहुना बसेकै ठाउँ पहिरोले घेरिएपछि घरपरिवार र आफन्त भेट्न नपाइने भयो भनेर चिन्तित बनेको थिएँ," ललितले भन्नुभयो, "दिनभरि छट्पटीमै बित्यो तर दिउँसो उद्धार गरेर बेनी ल्याएपछि कतिबेला परिवारलाई भेटौँ भन्ने लागेको छ तर घरमा फोन पनि लाग्दैन, जाने बाटो पनि नभएर बेनीमै बसेको छु ।" हेलिकप्टरबाट उद्धार गरेर बेनी ल्याइएका पुनद्वयले प्रशासन कार्यालयमा आएर जनप्रतिनिधि, प्रशासन र सुरक्षा निकायलाई धन्यवाद दिनुभयो ।

मध्यकालीगण्डकी जलविद्युत् आयोजनामा काम गर्ने प्रेमले नेपाली सेनाको घारखोलामा रहेको पोष्टका कमाण्डरलाई फोन गरेर जानकारी गराएका कारण उद्धारमा सजिलो भएको बताउनुभयो ।

पछिल्लो झरि र आइतबारको पहिरोले अन्नपूर्ण गाउँपालिका-५ मा पर्ने गिवाङ, पाउद्वार, घिरवाङ, धोस्केखोर, किन्दुलाई प्राकृतिक नाकाबन्दी गरेको छ । पहिरोले सडक र पैदलमार्ग बगाएपछि कोही गोठ त कोही गाउँमै थुनिएका थिए । आइतबार पाउद्वार र गिवाङबाट ७८ जनालाई हेलिकप्टरबाट उद्धार गरेर शिख, घार र बेनीमा ल्याएको प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताउनुभयो । सोमबार पनि पहिरोमा फसेकाहरूको उद्धारका लागि हेलिकप्टर पठाउने तयारी भएको छ । अन्नपूर्ण गाउँपालिका-७ औलाका डिलप्रसाद फगामीले बस्ती माथिबाट निरन्तर पहिरो खसिरहेकाले स्थानीयवासी घर छाडेर स्वास्थ्य चौकीको भवन र पाखाका गोठमा बसेका बताउनुभयो । करिब एक सय घरपरिवार रहेको औलाका बासिन्दा उद्धारको प्रतीक्षामा रहेका उहाँले बताउनुभयो । जिल्लाका पहिरोबाट ज्यान गुमाउनेको सङ्ख्या छ जना पुगेको छ भने तीन जना बेपत्ता भएका छन् । अन्नपूर्ण गाउँपालिकामा चार र मालिका गाउँपालिकामा दुई जनाको शव भेटिएको छ । म्याग्दीका प्रहरी नायब उपरीक्षक राजन कार्कीले बेनी नगरपालिकामा एक र अन्नपूर्ण गाउँपालिकामा दुई जना बेपत्ता भएका बताउनुभयो । भौगोलिक रूपमा विकट र दुर्गम क्षेत्र भएका, विद्युत्, सञ्चार, सडक अवरुद्ध भएकाले घटनास्थलबाट जानकारी प्राप्त हुन, सुरक्षाकर्मी पुग्न, उद्धार, बेपत्ताको खोजीमा ढिलाइ भएको सहायक प्रजिअ कुलप्रसाद आचार्यले बताउनुभयो । चार दिनको लगातारको झरीका कारण बाढी पहिरोले म्याग्दीमा विद्युत्, सडक र सञ्चार सुविधा अवरुद्ध बनेको छ । बेनी-जोमसोम, बेनी-दरवाङ, बेनी-पाखापानी, बेनी-बागलुङ सडक अवरुद्ध भएका छन् ।

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



गण्डकी प्रदेश बागलुङ जिल्ला गलकोट नगरपालिका वडा नं. ३ साविक हटिया गा.वि.स. वडा नं. ३ निवासी भारतीय भु.पु.सै.नं. 14900792X पल्टन ३ MACH का हवल्दार जोख बहादुर भण्डारीको श्रीमतीको नेपाली नागरिकता प्रमाणपत्र नं. ४८९८/५२२ मा नाम थर भीम कुमारी भण्डारी, जन्म मिति वि.सं. २०२१/११/१४ (ई.सं. १९६५/०२/२५) भएको र भारतीय पेन्सन अभिलेखमा श्रीमतीको नाम थर भीम कुमारी, जन्म मिति वि.सं. ई.सं. १९६७/१०/०५ भई फरक परेता पनि उल्लेखित दुई नाम थर र जन्म मिति भएको व्यक्ति फरक नभई एउटै भएको भनी गलकोट नगरपालिका, ३ नं. वडा कार्यालय, बागलुङको च.नं. २९४ मिति २०८३/०६/०५ गतेको पत्रबाट सिफारिस भई आएको व्यहोरा पेन्सन प्रयोजनार्थ मात्र जानकारीका लागि अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, बागलुङ**

## एउटै व्यक्ति भएको प्रमाणित सम्बन्धमा



प्रस्तुत विषयमा लमजुङ जिल्ला साविक भोटेओडार गा.वि.स. वडा नं. ६ हाल सुन्दरबजार नगरपालिका वडा नं. ८ निवासी भारतीय भू.पू. सैनिक नं. ५२४४६६०w का नायक ह. चन्द्र बहादुर गुरुङको श्रीमतीले प्राप्त गरेको नेपाली नागरिकता प्रमाणपत्र (ना.प्र.नं. ११६५) मा नामथर पदम कुमारी गुरुङ र जन्म मिति वि.स. २०१३/०५/१५ (ई.स. १९५६-०८-३०) उल्लेख भएको तर भारतीय पेन्सन अभिलेखमा निजको नामथर पाता कुमारी (PATA KUMARI) र जन्म मिति वि.स. २०१८/१२/०२ (ई.स. १९६२-०३-१५) उल्लेख भई नामथर र जन्म मिति फरक परेता पनि उल्लेखित फरक-फरक नामथर र जन्म मिति गरेको व्यक्ति फरक-फरक नभइ एउटै व्यक्ति भएको बेहोरा सुन्दरबजार नगरपालिका ८ नं. वडा कार्यालयको च.नं. ८७, मिति २०८३/०६/०८ को सिफारिस बमोजिम सोहि बेहोरा भारतीय सैनिक सेवामा काम गरेवापत प्राप्त हुने सेवा सुविधाको प्रयोजनार्थ लागि मात्र अनुरोध छ ।

**जिल्ला प्रशासन कार्यालय, लमजुङ**

## सैदी पावर कम्पनी लिमिटेड

**कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. ५, मालेपाटन**

**सम्पर्क नं. ९८४६५१७६६६, इमेलः** saidihydro@yahoo.com

## तेस्रो वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१३

यस कम्पनीको मिति २०८३ साल असोज महिना ११ गते आइतबार बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस कम्पनीको **तेस्रो वार्षिक साधारण सभा** देहाय बमोजिमको मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा पारित गर्न बस्ने भएको हुँदा सम्बन्धित सबैको जा( नकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय तथा स्थान :**

**सभा हुने मिति :** २०८३/०७/०९

**समय : विहान १०:०० बजे**

**स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ५, मालेपाटन**

**छलफलको लागि पेश गरिने विषयहरू**

**क) साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले आ.व. २०८२/०८३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो उपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. लेखापरिक्षकको प्रतिवेदन सहितको आ.व.२०८२/०८३ को वासलात, नाफा नोक्सान बाँडफाँड हिसाब, सोहि अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु उपर छलफल गरि पारित गर्ने सम्बन्धमा ।
३. आर्थिक वर्ष २०८३/०८४ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्ष(कको नियुक्ति गर्ने र निजको पारिश्रमिक निधारण गर्ने सम्वन्धमा ।

**ख) विशेष प्रस्तावहरु**

१. प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) सम्बन्धी पूर्व निर्णयको निरन्तरता तथा आवश्यक प्रक्रिया अगाडि बढाउने सम्वन्धमा ।
२. प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) मार्फत प्राप्त हुन रकमको उपयोग सम्बन्धी प्रस्ताव पारित गर्ने सम्बन्धमा ।
३. प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) सम्बन्धमा सम्बन्धित नियमनकारी निकायबाट प्राप्त हुने सुझाव निर्देशन वा शतबमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन परिमार्जन, फेरवदल वा समायोजन गर्न सञ्चालक समितिलाई आख्तयारी प्रदान गर्ने सम्बन्धमा ।
४. कम्पनी सचिवको राजीनामा स्वीकृत गरी नयाँ कम्पनी सचिव नियुक्त गर्ने सम्बन्धमा ।

**ख) विविध**

**सञ्चालक समितिको निर्णय**
**बमोजिम**
**कम्पनी सचिव**